राजपुर गाउँपालिका (कार्यसम्पादन) नियमावली,२०७४ को दफा ९(१) बमोजिम राजपुर गाउँकार्यपालिका अध्यक्षबाट सिधै प्रस्तुत प्रस्तावहरु :

१. सामाजिक परिचालक भर्ना सम्बन्धमा ।

२.उद्यम विकास सहजकर्ता भर्ना सम्बन्धमा ।

३. जैविक विविधता संरक्षण समुह दर्ता सम्बन्धमा ।

४. सामुदायिक स्वास्थ्य चौकीमा कार्यालय सहयोगी करार सेवामा लिने सम्बन्धमा ।

५.कोभिड १९ को कर्मचारी भत्ता सम्वन्धमा ।

६.प्रहरी चौकी भैसाही नाका लाई सहयोग सम्वन्धमा ।

७. विद्यालयको कक्षा थपको अनुमती दिने सम्बन्धमा।

८. नाका वासीको सपना (नियात्रा) प्रकाशनार्थ आर्थिक सहयोग/भुक्तानी सम्वन्धमा ।

९.कर्मचारी सेवा सुविधा सम्बन्धमा ।

१०.आ.ब २०७६।७७ का सम्झौता भएका योजनाहरु भुक्तानी सम्बन्धमा ।

११. वडा नं. १ को माररी देखि पटौली नाका सम्म बाटो निर्माण गरेको भुक्तानी सम्बन्धमा ॥

१२. शहरी हरित पार्क स्थापना सम्बन्धमा ।

१३. वायो ग्याँस निर्माण सम्बन्धमा ।

१४. भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्बन्धमा ।

१५. साधारण मा.विको गुरुयोजना सम्बन्धमा ।

१६. कोरोना विशेष देउखुरी आईसोलेशन सेन्टरलाई रकम भुक्तानी दिने सम्बन्धमा ।

१७. सोलार मर्मत तथा व्यट्रि खरिदको लागि शिवशक्ति मा.वि भौवा नाकालाई अनुदान उपलब्ध गराउने सम्बन्धमा ।

१८.प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा ।

१९. उपभोक्ता समितिबाट योजना निर्माण गर्ने सम्बन्धमा ।

२०. सिमा प्रहरी चौकी खांग्राको जग्गा हक भोग सम्ब्न्धमा ।

२१. शसस्त्र क्याम्पका लागि जस्ता पाता धुवानी रकम भुक्तानी सम्बन्धमा ।

२२. विभिन्न बिशेष कोषहरुको बाँडफाँड सम्बन्धमा ।

२३. के.सी निर्माण सेवाको नाममा रहेको ग्राभेल सम्बन्धमा ।

२४. सार्वजनिक जग्गा प्लाटिङग सम्बन्धमा ।

२५. राजपुर गा.पा र गढवा गा.पा विचको सिमा विवाद सम्बन्धमा ।

२६. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ :

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि कृषि तथा पशुपंक्षी मन्त्रालयबाट प्राप्त सशर्त अनुदान अन्तरगत **लागत साझेदारीमा पशुपन्क्षी प्रवर्द्धन कार्यत्रलम कार्यसंचालन प्रक्रिया सम्बन्धी मार्गदर्शन, २०७७** को दफा ६(१) को खण्ड (क) बमोजिम सामाजिक परिचालक पदमा करारमा भर्ना गर्न लिइएको परिक्षामा सफल भई पदपुर्ति समितिबाट सिफारिस भएका देहाका उम्मेद्वारलाई मिति २०७७०७२२ गते देखि लागु हुने गरि करारमा भर्ना गर्ने , निजलाई ना.प.स्वा.प्रा चौथो तह सरहको सेवा सुविधा उपलब्ध गराउने र काम काजको लागि नाका क्षेत्रको भौगोलिक हिसाबले विच पर्ने गरि खांग्रामा नाका खटाउने निर्णय गरियो ।

तपशिल :

| क्र.स | विज्ञापन नं. | पद | सिफारिस भएको व्यक्ति | स्थायी ठेगना | कै |
|---|---|---|---|---|---|
| १ | ०६।०७७।०७८ | सामाजिक परिचालन (पशु सेवा) | बालकृष्ण थापा मगर | त्रिवेणी गा.पा-४ रोल्पा | |

निर्णय न.२,

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि **गरिवी निवारणको लागी लघु उद्यम विकाश** सहजकर्ता (खुला) को लागी करार पदमा भर्ना गर्न लिइएको परिक्षामा सफल भई पदपुर्ति समितिबाट सिफारिस भएका देहाका उम्मेद्वारलाई मिति २०७७०८।३० गते देखि लागु हुने गरि करारमा भर्ना गर्ने र निजहरुलाई स्थानीय सेवाको चौथो तह सरहको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.स | विज्ञापन नं. | प्द | सिफारिस भएको व्यक्ति | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ०७/०७७/७८ | लघु उद्यम विकाश सहजकर्ता (चौथो तह) | दुर्गा डि.सी | राजपुर,६ | |
| २ | ०७/०७७/७८ | लघु उद्यम विकाश सहजकर्ता (चौथो तह) | गिता चौधरी | राजपुर,४ | |

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाँउपालिका वडा नं.७ कुरुवा खोलामा गठित पढनी सामुदायिक जलिय जैविक विधता संरक्षण समुह दर्ता प्रमाण पत्र पाउनको लागी मिति २०७७।०६।०६ मा दरखास्त पेश गरेको,पेश गरेको निवेदन रितपुर्वक भएको नभएको र सो समुह दर्ता गर्न उपयुक्त स्थान भएको नभएको सम्वन्धमा जाँचवुझ गरी प्रतिवेदन पेश गर्न पशु सेवा शाखा संयोजक श्री भक्त बहादुर रोका मगर लाई सम्वन्धित स्थानमा खटाईएको र सो समुह दर्ता गर्न स्थान उपयुक्त देखीएको भनी मिति २०७७।०६।३० गते प्रतिवेदन पेश गरेका,गाँउपालिकाको जलचर एवं जलिय जैविक विविधता संरक्षण ऐन,२०७५ को दफा १५ को उपदफा (५) वमोजिम उक्त समुह दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाँउपालिका अर्न्तगतका सामुदायिक स्वास्थ्य ईकाई भैसाही नाका र डगमारा नाकामा कार्यालय सहयोगीको रुपमा लामो समय देखी सेवा पुर्‍याउदै आएका तपसिलका कार्यालय सहयोगीलाई सेवा करारमा लिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | नाम,थर | पद | ठेगाना | करार गरिने स्वास्थ्य इकाइ |
|---|---|---|---|---|
| १ | गिता दशौदी | का.स. | राजपुर ७,भैसाही | सामुदायिक स्वास्थ्य ईकाई भैसाही नाका |
| २ | ईमा पुन | का.स. | राजपर ७ डगमारा | सामुदायिक स्वास्थ्य ईकाई डगमारा नाका |

निर्णय नं. ५,

प्रस्ताव नं. ५ माथि छलफल गर्दा साउन देखी कार्तिक महिना सम्मको स्वास्थय कर्मि ,सुरक्षाकर्मी ,कार्यलय सहयोगी , पिकअप ड्राईभरलाई कोभिड भत्ता भुक्तानी दिने र  पिकअपको वाँकी रहेको भाडा भुक्तानी गर्न निर्णय गरियो ।

निर्णय नं.६

प्रस्ताव नं. ६ माथि छपलफल गर्दा प्रहरी चौकी भैसाहीको मिति २०७७।०७।१७ को पत्रानुसार उक्त प्रहरी चौकी लाई कार्यालय तथा मेस व्यवथापनका लागि आवश्यक सामानहरु  उपलब्ध गराई दिनु भनी लेखी आएकोले यस राजपुर गाउँपालिका अन्तर्गतका प्रहरी चौकीहरुको कार्यालय व्यवस्थापनमा आवश्यक सामाग्रीहरु मागको आधारमा आगामी बैठकमा निर्णय गर्ने ।

निर्णय नं.७

प्रस्ताव नं ७ , माथि छलफल गर्दा राजपुर गा.पा शिक्षा समितिको मिति २०७७।०६।२६ गते बैठकको देहाय बमोजिमको निर्णय अनुमोदन गर्न र सिफारिस अनुसार श्री बुद्धकिरण इङ्गलिस स्कुल लाई कक्षा थप अनुमति दिने  निर्णय गरियो ।

**शिक्षा समितिको निर्णय** :

यस शैक्षिक सत्र २०७७ का लागि कक्षा थप माग गरेका विद्यालयहरु मध्ये पेश गरेका कागजात तथा स्थलगत अध्ययन समेतको आधारमा मापदण्ड पूरा गरेका श्री मा.वि. दुलैया दाङ र फेमिली प्याराडाईज ईङलिस बोर्डिङ स्कुल मटेरिया, दाङ विद्यालयहरु लाई कक्षा थपको अनुमति दिइएको र शिक्षा समितिको निर्णयानुसार ७ दिन भित्र आवश्यक कागजात पेश गर्न भनिएको मा म्याद भित्र कागजात बुझाएका मध्ये प्रकिया पूरा गरेका श्री जनज्योति प्रा.वि. महतिनि खोला दाङ, श्री देउखुरी ग्रिनल्याण्ड बोर्डिङ स्कुल बेला दाङ, श्री साधारणमा.वि. सालभौरी दाङ विद्यालयहरुलाई कक्षा थपको अनुमति दिईएको र शिक्षा समितिको निर्णयानुसार ७ दिन भित्र आवश्यक कागजात पेश गर्न भनिएकोमा म्याद भित्र कागजात बुझाएका मध्ये प्रकिया पूरा गरेका तर कक्षा थपको अनुमति दिन बाँकी रहेका देहायका विद्यालयहरुलाई तपसिल बमोजिमको कक्षा थपको अनुमतिका लागि कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | विद्यालयको नाम | कायम कक्षा | थप कक्षा माग |
|---|---|---|---|
| १ | बुद्धकिरण इङगलिस स्कुल दाङ | कक्षा ३ | कक्षा ४ |

निर्णय नं.८

प्रस्ताव न.८ माथि छलफल गर्दा नाका वासीको सपना (नियात्रा) प्रकाशनार्थ आर्थिक सहयोग सहयोग गरिदिनुहुन भनी मिति २०७७।०४।०६ मा निवेदन पेश गर्दा राजपुर गाँउकार्यपालिकाको मिति २०७६।१०।०६ गतेको कार्यपालिका वैठक वाट रु ३०००० दिने निर्णय अनुसार उक्त कृतिका लेखक नीम वहादुर थापा लाई स्वीकृत रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ :

प्रस्ताव नं ९ माथि छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो ।

१. खाजा तथा यातायात खर्च सम्बन्धमा :

यस गाउँपालिकाको दुर्गमता आवास उपलब्धताको आधारमा समेत कर्मचारीहरुलाई दैनिक कार्यालयमा आउने जाने कठिनाई रहेको अवस्थालाई ध्यानमा राखि गाउँपालिकाका कर्मचारीहरुलाई तपसिल अनुसार इन्धन तथा मर्मत संभार र विविध खर्च उपलब्ध गराउने निर्णय गरियो ।

क) कार्यालयबाट सवारी साधान प्राप्त गरेका कर्मचारीहरुलाई कार्यालय आतेजातेका लागि पेश गरेको विल तथा लगवुक बमोजिम अधिकतम वार्षिक १२० लिटर पेट्रोल खर्च र अधिकतम रु ५०००।- सम्म मर्मत संभार खर्च उपलब्ध गराउने ।

ख) कार्यालयबाट सवारी साधन प्राप्त नगरेको गाउँ कार्यपालिकाका कर्मचारीहरुले आफ्नो निजी सवारी साधान प्रयोग गरेमा कर्मचारीहरुलाई आतेजातेको लागि पेश गरेको ब्लुबुक, विल तथा लगवुक बमोजिम अधिकतम वार्षिक १२० लिटर पेट्रोल खर्च र अधिकतम रु ५०००।- सम्म मर्मत संभार खर्च उपलब्ध गराउने ।

ग) गाउँपालिकामा संचालित विभिन्न कार्यक्रम तथा सशर्त अनुदानबाट तलब भत्ता भुक्तानी हुने कर्मचारीको हकमा इन्धन तथा मर्मत खर्च भुक्तानीका लागि प्राप्त बजेटका आधारमा सुविधा उपलब्ध हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक व्यवस्था मिलाउने ।

घ) कार्यालयको कामको सिलसिलमा गाउँपालिका क्षेत्र भित्र काज खटाउन पर्दा फिल्ड भत्ता भुक्तानी पाउने कर्मचारी बाहेक अन्य कर्मचारीहरुलाई निजि वा कार्यालयको सवारी साधन प्रयोग गरेमा प्रति ४० कि.मी वरावर १ लि. पेट्रोल खर्च लगवुक र विलको आधारमा उपलब्ध गराउने ।

ङ) गाउँपालिका कार्यरत कर्मचारीहरुलाई कार्यालयमा हाजिर भएको दिनको आधारमा अधिकतम दैनिक रु ५०।- (पचास) का दरले खाजा वाफत सम्बन्धीत होटललाई उपलब्ध गराउने निर्णय गरियो ।

च) कृषि तथा पशु सेवा प्राविधिक कर्मचारीहरुलाई समेट इञ्जिनियरीङ सेवाका कर्मचारीहरुलाई सरह फिल्ड भत्ता उपलब्ध गराउने ।

छ) कार्यालयमा रहेका सवारी साधन (मोटरसाइकल, स्कुटर) हरु जेष्ठता, आवश्यकता तथा कार्यकुशलताका आधारमा प्रमुख प्रशासकीय अधिकृतले न्यायोचित रुपमा कर्मचारीहरुलाई प्रयोग गर्ने व्यवस्था मिलाउने र नपुग हुने कर्मचारीहरुलाई आवश्यकता अनुसार खरिद गरि व्यवस्थापन गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं. १० :

प्रस्ताव नं. १० माथि छलफल गर्दा आ.व. २०७६।०७७ मा सम्झौता भएका योजनाहरुको कार्य सम्पन्न गरि सकेपछि आगामी आषाढ मसान्त सम्ममा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११ :

प्रस्ताव नं. ११ माथि छलफल गर्दा राजपुर गा.पा वडा नं. १ को माररी देखि पटौली नाका सम्म बाटो मर्मत गरेको भुक्तानी भ्याकुलोडरको बिल बमोजिमको भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२ :

प्रस्ताव नं १२ माथि छललफल गर्दा लुम्बिनी प्रदेश सरकार अन्तरगत प्रदेश वन निर्देशनालय डिभिजन वन कार्यालय दाङ (देउखुरी) को च.नं ६४८ मिति २०७७।१०।१३ गतेको पत्रानुसार उक्त कार्यालयको

चालु आ.ब २०७७।७८ को बार्षिक स्वीकृत कार्यक्रममा **शहरी हरित पार्क स्थपना** कार्यक्रम १ (एक) वटा सञ्चालनको लागि रु १० लाख बजेट विनियोजन भई आएको र उक्त कार्यालयको कार्यक्षेत्र अन्तरगत पालिकाको आर्थिक साझेदारीमा उपयुक्त स्थानमा हरित पार्क निर्माण गर्नुपर्ने भएकोले तोकिएको ढाँचामा ३० दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न हुन अनुरोध छ भनि लेखि आएको सम्बन्धमा, यस राजपुर गाउँपालिकाको वडा नं. २ स्थीत सिरहवा ताल स्थानमा हरित पार्क स्थापना गर्न डिभिजन वन कार्यालय दाङ (देउखुरी)मा प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ :

प्रस्ताव नं १३ माथि छलफल गर्दा संघिय सशर्त अनुदान तर्फ राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम अन्तरगत सौर्य उर्जा तथा बायोग्यास उत्पादन तथा प्रयोगका लागि स्वीकृत बजेट रु. २ लाख यस गाउँपालिका क्षेत्रमा वायोग्यास प्लान्ट निर्माण गर्न उपयोगी हुने र वायो ग्यास निर्माण गर्न वडा नं २ का इच्छुक व्यक्तिहरुबाट निवेदन माग गरी म्याद भित्र दर्ता भई मापदण्ड पुरा भएका व्यक्तिहरुको समुह/समिति निर्माण गरी प्राविधिक स्टोमेटको आधारमा सो कार्यक्रम समिति/समुहहरुबाट प्रस्ताविक कम्पनी र कार्यालय बिच सम्झौता गर्न निर्णय गरियो ।

प्रस्ताव नं. १४ :

प्रस्ताव नं. १४ माथि छलफल गर्दा नेपाल सरका भुमि सम्बन्धी समस्या समाधान आयोगको च.नं. २७९ मिति २०७७।१०।०७ गतेको पत्रानुसार नेपाल सरकार, भुमि सम्बन्धी समस्या समाधान आयो, ताहाचल काठमान्डौ र यस राजपुर गाउँपालिकाको कार्यालय बीच भुमिहिन दलित, भुमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्नका लागि भुमि सम्बन्धी ऐन,२०२१, भुमि सम्बन्धी नियम, २०२१ , भुमि सम्बन्धी समस्या समधान आयोग गठन आदेश,२०७६ र अन्य प्रचलित कानुनमा भएको व्यवस्था अनुरुप समझदारी-पत्रमा हस्ताक्षर गरिसकेको र भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थीत बसोबासको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ को दफा ३ मा भएको व्यवस्था बमोजिम भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको पहिचान, लगत संकलन प्रमाणिकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजिकरण गर्न तपशिल अनुसारको भुमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| क.स | नाम थर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री लोकराज के.सी | गा.पा अध्यक्ष | संयोजक |
| २ | श्री धनपति देवी यादव | गा.पा उपाध्यक्ष | सह-संयोजक |
| ३ | श्री | स्थानिय तहमा क्रियाशिल राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ४ | श्री दिलमती वली | कार्यपालिका सदस्य (महिला) | सदस्य |
| ५ | श्री केश माला सुनार | कार्यपालिका सदस्य (दलित महिला) | सदस्य |

| | | | |
|---|---|---|---|
| ६ | श्री | संघ-संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधि | सदस्य |
| ७ | श्री | संघ-संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधि | सदस्य |
| ८ | श्री राम प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

प्रस्ताव नं. १५ :

प्रस्ताव नं. १५ माथि छलफल गर्दा नेपाल सरकार  शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानवन स्रोत विकास केन्द्र भक्तपुर को च.नं. ५३ मिति २०७७।०९।०६ गतेको पत्रानुसार श्री साधारण नमुना मा.वि गुरुयोजनाको भौति तर्फको डिजाइन इष्टिमेट तयार गरि पठाइएको र सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराई आवश्यक कार्य गर्न गराउन भनी लेखी आएको र सो विद्यालयको च.नं १०१ मिति.२०७७।१०।०७ गतेको पत्र संगै संलग्न गरि पेश गरेको विद्यालय गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ :

प्रस्ताव नं. १६ माथि छलफल गर्दा राप्ती गाउँपालिकाको च.नं. ८१९ मिति २०७७।०९।०३ गतेको पत्रानुसार मिति २०७७।०२।०५ गते देखि २०७७।०७।३० सम्म देउखुरी क्षेत्रका चार वटा स्थानीय तह लमही न.पा, राप्ती गा.पा, गढवा गा.पा र राजपुर गा.पाको संयुक्त साझेदारीमा सञ्चालन गरिएको कोरोना विशेष देउखुरी आईसोलेसन सेन्टरमा भएको आम्दनी र खर्चको लेखाजेखा चार वटै पालिकाको प्रतिनिधीको रोहवरमा मिति २०७७ ।०९।०२ गते को बैठकबाट भएकोमा त्यहाँ पालिकाबाट राप्ती गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा रकम रु ६८४५३७ ।- यथाशिघ्र जम्मा गरिदिनुहुन भनी लेखि आएको सम्बन्धमा यस गाउँपालिकाको विपद व्यवस्थापन कोषको रकम रु ६८४५३७ ।- राप्ती गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा  भुक्तानी गरिदिने निर्णय गरियो ।

प्रस्ताव नं. १७ :

प्रस्ताव नं. १७ माथि छलफल गर्दा श्री शिवशक्ति मा.वि भौवानाका को च.नं. ४८ मिति २०७७।०९।२९ को पत्रानुसार वि.स.२०७१ सालमा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट निःशुल्क रुपमा ३००० वाटको सोलार जोडान गरिएको र हाल उक्त सोलार ब्याट्रिहरु पुर्ण रुपले पावर लेस भएको र विद्यालयको कम्प्युटर सम्बन्धी कामकाज ठप्प भएको हुदाँ सोलार मर्मत तथा ब्याट्रि खरिदको लागि गाउँपालिकाको तर्फबाट अनुदान स्वरुप रु २,५०,००० । उपलब्ध गराई दिनुहुन भनी लेखी आएको सम्बन्धमा आगामी बैठकमा व्यापक छलफल गरि निर्णय गर्ने ।

प्रस्ताव नं. १८ :

प्रस्ताव नं. १८ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब २०७७।७८ को लागि सबै वडा कार्यालयको सिफारिस अनुसार यस गाउँपालिकामा तपशिल बमोजिमका रोजगार मुलक आयोजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपशिल :

## राजपुर गा.पा. वडा नं १

| क.सं | आयोजनाको नाम | अनुमानित बजेट |
|---|---|---|
| १ | कठबेरुवा देविस्थान देखि गुरुङ्खोला सम्म बाटो नाली निर्माण | ५,००,००० |
| २ | माररीखोला देखि रसरी बाटो मर्मत तथा नाली निर्माण | ६,००,००० |
| ३ | लामीडाँडा देखि सिरियानाका सम्म घोडेटो बाटो निर्माण | ५,००,००० |
| ४ | गुरुङ्खोला देखि गुरुङनाका सम्म घोडेटो बाटो निर्माण | ४,००,००० |
| ५ | माररी देखि ताउले सम्म नाली निर्माण तथा ग्राभेल | ३,२६,५०० |

## राजपुर गा.पा. वडा नं २

| क.सं | आयोजनाको नाम | अनुमानित बजेट |
|---|---|---|
| १ | वडा कार्यालय तथा स्वास्थ्य भवनको फिल्ड सम्याउने | ५,००,००० |
| २ | वडा कार्यालय देखि नाका पुग्ने बाटो मर्मत | ७,३४,००० |

## राजपुर गा.पा. वडा नं ३

| क.सं | आयोजनाको नाम | अनुमानित बजेट |
|---|---|---|
| १ | खरदरीया दामोदर सडक देखि खैरहवा खोला सम्म कच्ची नाली सहित बाटो निर्माण | ४००००० |
| २ | प्रतापपुरमा कच्ची नाली सहित बाटो निर्माण ५०० मीटर | २००००० |
| ३ | बसन्तापुर दामोदर रोड देखि पुर्व उत्तर गल्ली कच्ची नाली सहित बाटो निर्माण १००० मीटर | ३००००० |
| ४ | भैसहवा बाटो निर्माण | ३९२५०० |

## राजपुर गा.पा. वडा नं ६

| क.सं | आयोजनाको नाम | अनुमानित बजेट |
|---|---|---|
| १ | राजपुर गा.पा. ६ नं वडाको नाका क्षेत्र पुर्व पश्चिम बाटो मर्मत | ७७५५०० |

## राजपुर गा.पा. वडा नं ७, सिक्टा

| क.सं | आयोजनाको नाम | अनुमानित बजेट |
|---|---|---|
| १ | सुनछहारी पर्यटकीय स्थलको मर्मत संभार | ५००००० |
| २ | सिक्टा खेलकुद मैदान मर्मत | २००००० |
| ३ | लैवरुवा खेलकुद मैदान मर्मत | २००००० |
| ४ | सिक्टा सिंचाई कुलो मर्मत | ३००००० |
| ५ | सिक्टा देखि भित्री सिक्टा सम्म बाटो मर्मत | ४००००० |

| | | |
|---|---|---|
| ६ | वनकट्टी देखि नेपुवा खोलासम्मको बाटो मर्मत | २००००० |
| ७ | गन्धैला देखि भौवा विछीखोला सम्मको बाटो मर्मत | ५००००० |

निर्णय नं. १९,

प्रस्ताव नं. १९ माथि छलफल गर्दा चालु आ.ब २०७७।७८ मा यस गाउँपालिकाबाट कार्यान्वयन हुने गरी स्वीकृत योजनाहरु सार्वजनिक खरीद ऐन २०६३, सार्वजननिक खरीद नियमावली २०६३ तथा विद्यमान अन्य प्रचलित कानुन अनुसारको सिमा सम्म लागत अनुमान भएका निर्माण कार्यहरु कार्यालयले आवश्यक ठानेमा सम्बन्धित उपभोक्ता समिति संग सम्झैता गरी निर्माण कार्य गराउने र आगमी गाउँसभा बाट समर्थन निर्णय गरीयो ।

निर्णय नं. २०,

प्रस्ताव नं. २० माथि छलफल गर्दा राजपुर गाउँपालिका ६ नं. वडा कार्यालयको सिफारिस अनुसार राजपुर ६ खांग्रा पुर्वमा मुल बाटो, पश्चिमा जग्रहवा-खांग्रा बाटो, उत्तरमा कुलो र दक्षिणमा जित बहादुर सिंजाली मगर सडक यति चारकिल्ला भित्रको लम्बाई ८४.३ मिटर र चौडाई ८३ मिटर जग्गा सिमा प्रहरी चौकी खाँग्राको भवन निर्माणको लागि हक भोग दिने र सम्बन्धीत निकायमा पठाउनु पत्र पठाउनु पर्ने भएकोले सिफारिस गरिएको सम्बन्धमा उक्त चारकिल्ला भित्रको जग्गा चौकीलाई हक भोग गर्न दिने र सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ ,

प्रस्ताव नं. २१ माथि छलफल गर्दा श्री सूर्योदय कृषक बहुउद्देश्यीय सहकारी संस्था लि. राजपुर २ को च.नं. १४१ मिति २०७७।०९।२८ को पत्रानुसार उक्त संस्थाको ट्रेयाक्टर नं. लु ४ त २०९० बाट मिति २०७७ पौष १७ गते शसत्र क्याम्पका लागि मटेरियाबाट पटौली नाका हुँदै बरवा नाका सम्म जस्ता पाता पिस २०१ को प्रति पिस ८५ का दरले हुन आएको रकम रु १७०८५।- कृषि विकास बैंक शाखा गढवा खाता नं. ०९१९३००९८३७४२०१७ मा जम्मा गरि उपलब्ध गराइदिनुहुन भनि लेखिआएको सम्बन्धमा ट्रेयाक्टर भाडा कार्यविधि बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २२,

प्रस्ताव नं २२ माथि छलफल गर्दा चालु आ.व.२०७७/०७८ मा कार्यान्वयन हुनेगरी स्वीकृत विभिन्न विषेश कोषहरुमा विनियोजन भएको रु १५ लाख मध्ये रु १० लाख मर्मत संभार कोषका लागि

विनियोजन गरी मर्मत संभार कोष बाट देहाय बमोजिमको कार्यक्रमका लागि तपसिल अनुसारको रकम स्वीकृत गरी कोष संचालन गर्ने र आगामी गाउँ सभाबाट खर्च समर्थन गराउने निर्णय गरियो ।

क) व्याकहोलोडर सञ्चालन खर्च रु ८,००,०००।-

निर्णय नं. २३ :

प्रस्ताव नं २३ माथि छललफल गर्दा यस राजपुर गाउँपालिका वडा नं. ३ खरदरियाघाट क्षेत्रमा नदिजन्य पदार्थ उत्खनन गर्ने ठेक्का पाएको के.सी निमार्ण सेवालाई मिति २०७७।०६।१५ गा.पाको अध्यक्ष ज्युको नेतृत्वमा अनुगमन गरी नदिजन्य पदार्थको स्टकको नाप जाप गर्दा ५८ हजार घन.मिटर पाइएको हाल सम्म निज निर्माण सेवाले सो स्टकको सम्झैता बमोजिम भन्दा अत्याधिक मात्रमा उत्खनन गरेको र सो नदिजन्य पदार्थको राजस्व दाखिला नगरेको हुदाँ निजले पहिले दाखिला गरेको राजस्व र स्टक अनुसारको राजस्व हिसाव मिलान गरि जरिमाना सहित १५ दिन भित्र यस कार्यालयमा राजस्व दाखिला गर्न पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. २४ :

प्रस्ताव नं २४ माथि छललफल गर्दा आगामी बैठकमा व्यापक छलफल गरि निर्णय गर्ने ।

निर्णय नं. २५ :

प्रस्ताव नं २५ माथि छललफल गर्दा  यस राजपुर गा.पा र गढवा गा.पाको सिमा बिवाद सम्बन्धमा वास्तविक सिमा कायम गर्न दुवै गाउँपालिका विच छलफल तथा स्थलगत निरिक्षण गर्ने गढवा गाउँपालिकालाई पत्राचार गर्ने र विवाद समाधान को लागि नापी कार्यालय लमही,दाङमा सहयोग गरिदिनुहनु भनी पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. २६ :

प्रस्ताव नं २६  माथि छललफल गर्दा यस राजपुर गाउँपालिकाको स्थापना काल  देखि हाल सम्म पनि सार्वजनिक सुनुवाई  हुन नसकेको सम्बन्धमा यस गाउँपालिकाबाट स्थापना काल देखि हाल सम्म भए गरेका गतिविधि, योजना तथा  कार्याक्रमको प्रगति विवरण , आ.ब २०७७।७८ को खर्च विवरण लगायतको जानकारी आम जानताहरुमा सार्वनिक गर्ने उद्देश्यले आगामी ८ औं गाउँसभा सम्पन्न भए पछि तत्कालै सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।